# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, पुस ९ गते २०५८ साल (अतिरिक्ताङ्क ५८ (क)

## भाग ३

श्री ५ को सरकार

### सूचना तथा सञ्चार मन्त्रालयको सूचना

श्री ५ को सरकारले रेडियो सञ्चार (लाइसेन्स नियमावली, २०४९ को नियम २४ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूचि–७ मा देहाय बमोजिम हेरफेर तथा थपघट गरेको छ ।

(१) अनुसूचि–७ को खण्ड (अ) को उपखण्ड (१) को सट्टा देहायको उपखण्ड (१) राखिएको छः–

"(१) आम जनताको लागि प्रसारण गरिएको टि. भी. प्रसारण प्राप्त गर्न सक्ने,–

(क) स्याटेलाईट डिकोडर/इन्कोडर प्रयोग गर्ने क्षमता सहितको स्याटेलाईट रिसिभरको लागि रू. ३००।–

(ख) डिकोडर / इन्कोडर नभएको स्याटेलाईट रिसिभरको लागि रू. २००।–

(ग) अन्य प्रकारको सञ्चार प्राप्त गर्न सक्ने स्याटेलाईट रिसिभिङ्ग सिष्टमको लागि रू. १२०००।–"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अनुसूचि–७ को खण्ड (अ) को उपखण्ड (२) को प्रकरण (ग) पछि देहायको प्रकरण (घ) थपिएको छः–

"(घ) ६४ किलो विट्स प्रति सेकेण्ड क्षमता भएको भि–स्याट टर्मिनल वा स्याटेलाईट कम्यूनिकेशन सिष्टम वा अर्थ स्टेशनको लागि रेडियो फ्रिक्वेन्सी प्रयोगका लागि रू. १५,०००।–

र

त्यस पछिको प्रत्येक थप ६४ किलो विट्स प्रति सेकेण्डको लागि थप अतिरिक्त दस्तूर रू. १,०००।–"

आज्ञाले,
श्रीराम पौडेल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६५४